ककनी गाँउपालीका

गाउँ कार्यपालिकाको कार्यालय

# कृषि विकास शाखा

रानीपौवा, नुवाकोट ।

बागमती प्रदेश, नेपाल ।

सूचना नं. :- ०३/०७९/८०

ककनी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रानीपौवा, नुवाकोट बागमती प्रदेश,नेपाल २०७३

## अनुदानमा कृषि यन्त्र उपकरण वितरण कार्यक्रमको प्रस्ताव आव्हानको सूचना

*प्रथम पटक प्रकाशित मिति-२०७९/०९/०६*

यस ककनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,कृषि विकास शाखाको चालु आ.व.०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तपशिल बमोजिमको कार्यक्रमहरु "कृषि यान्त्रीकरण अनुदान तथा व्यवस्थापन कार्यविधि, २०७९" बमोजिम लागत साझेदारीमा संचालन गर्न यस गाउँपालिका भित्रका ईच्छुक कृषक समूह/कृषि सहकारी/कृषि उद्यमी कृषक/कृषि फर्महरुले यस सूचना प्रकाशन भएको मितिले २१ (एक्काईस) दिन भित्र अनुसूची -३ अनुसूची-४ बमोजिमको आवेदन फाराम साथमा तपशिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी ककनी गाउँपालिका, कृषि विकास शाखामा रितपूर्वक संयुक्त/एकल आवेदन पेश गर्नुहुन सम्वन्धित सम्पूर्णमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| क्र.सं. | कार्यक्रमको नाम | अनुमानित परिमाण | स्विकृत बजेट परिमाण (रु.हजारमा) | कार्यालयको लागत साझेदारी | कैफियत |
|---|---|---|---|---|---|
| १. | पचास प्रतिशत अनुदानमा मिनिटिलर वितरण | ३१ थान | ८०० | ५० प्रतिशत | संयुक्त आवेदन दिनुपर्ने (कम्तीमा ४ जना) |
| २. | पचास प्रतिशत अनुदानमा साना कृषि यान्त्रिकरण वितरण (स्प्रेयर, कर्न सेलर अन्य) | - | २०० | ५० प्रतिशत | एकल वा संयुक्त आवेदन दिनुपर्ने |

आवेदनका साथ पेश गर्नुपर्ने कागजातहरु :

| कृषि उद्यमि कृषकहरुको संयुक्त आवेदनका लागि | कृषक समूह/कृषि सहकारीहरुको आवेलनका लागि |
|---|---|
| १. सम्पूर्ण आवेदकहरुको नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।<br>२. फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि नविकरण सहित ।<br>३. प्यान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि ।<br>४. गत आ.व.को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।<br>५. आफनो नाममा जग्गा नभई करारमा लिएको भए सम्झौताको (कम्तीमा ५ वर्षको) प्रमाण पेश गर्नुपर्ने ।<br>६. मिनिटिलर, कर्न सेलर, थ्रेसरको हकमा जग्गाधनी पूर्जाको प्रतिलिपि वा कर तिरेको रसिदको प्रतिलिपि ।<br>७. मेशिनरी औजार मर्मत तथा संचालन सम्वन्धि तालिम लिएको भए सो को प्रमाणपत्रको प्रतिलिपि ।<br>८. सम्वन्धित वडा कार्यालयको सिफारिस । | १. संस्था दर्ता प्रमाण पत्रको नविकरण सहितको प्रतिलिपि ।<br>२. संस्थाको प्यान/ भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि ।<br>३. लेखा परिक्षणको प्रमाणित प्रतिलिपि ।<br>४. गत आ.व.को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि ।<br>५. संस्थाको निर्णयको प्रतिलिपि तथा अनुदान प्रकृयाको लागि जिम्मेवारी दिई खटाएको अख्तियारी पत्र ।<br>६. अख्तियार प्राप्त पदाधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।<br>७. आफनो नाममा जग्गा नभई करारमा लिएको भए सम्झौताको (कम्तीमा ५ वर्षको) प्रमाण पेश गर्नुपर्ने ।<br>८. मिनिटिलर, कर्न सेलर, थ्रेसरको हकमा जग्गाधनी पूर्जाको प्रतिलिपि वा कर तिरेको रसिदको प्रतिलिपि ।<br>९. मेशिनरी औजार मर्मत तथा संचालन सम्वन्धि तालिम लिएको भए सो को प्रमाणपत्रको प्रतिलिपि ।<br>१०. सम्वन्धित वडा कार्यालयको सिफारिस । |

सागीर के.सी.

प्रशासकीय अधिकृत

CS CamScanner